apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



**सुशासन आयोगमै बेथिति**

समाचार पृष्ठ २

● वर्ष: १२ ● अंक: १४५ ● पृष्ठ: ४ ● २९ जेठ २०८३ शुक्रबार (12 June 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## किन अशान्त बन्यो रास्वपाको मधेश अधिवेशन ?

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २८ गते**



नगर अधिवेशन नै प्रभावित हुनेगरी नेता-कार्यकर्ता भिड्न थालेपछि मधेश प्रदेशमा सत्तासीन राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को अधिवेशन अनिश्चित बनेको छ । नेतृत्वमा पुग्ने आंकाक्षी बढेपछि 'नयाँ र पुराना' कार्यकर्ता भन्दै कित्ताकाट हुँदा मधेश प्रदेशमा रास्वपाको अधिवेशन अशान्त बनेको पार्टीकै नेताहरू बताउँछन् ।

रास्वपा पार्टीको धनुषा जिल्लास्थित पार्टी कार्यलयमा २२ जेठमा तालाबन्दी गरिएका कारण रोकिएको धनुषा जिल्लाको अधिवेशन मंगलबार जनकपुरस्थित महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा आयोजना गरियो । जिल्ला अधिवेशनकै दिन रास्वपा धनुषाका सभापति लक्ष्मेश्वर यादवलाई पार्टीको केन्द्रीय अनुशासन आयोगले निलम्बन गरिदियो ।

आयोगका कार्यवाहक प्रमुख रमाकान्त रिमालले जारी गरेको पत्रमा 'पार्टीको विधान, आचारसंहिता, निर्वाचन कार्यविधि, पदीय जिम्मेवारीमा रही कार्यसम्पादन गर्न नसकेको' भन्दै धनुषा कार्यसमितिको सभापतिबाट पदमुक्त गरिएको उल्लेख छ । यादवमाथि थप अनुसन्धान गर्न प्रमाण संकलन गर्नुपर्नेमा पनि रिमालको पत्रमा भनिएको छ ।

रास्वपाको धनुषा कार्यसमितिका सभापतिमा आकांक्षी रहेका यादवलाई अधिवेशनकै दिन पदबाट निलम्बन गरेपछि विवाद चर्किएको थियो । रास्वपामा धनुषाका सभापतिका लागि यादवसहित अम्बुप्रसाद साह र सरोजकुमार पूर्वेले दाबी गरेका थिए । रास्वपा धनुषाको अधिवेशन सुरु भएलगत्तै ठूलो संख्यामा नेता-कार्यकर्ता मञ्चमा उक्लिएपछि बिथोलिएको थियो ।

मधेश प्रदेशमा पर्सावाहेक ७ जिल्लामा रास्वपाको जिल्ला नेतृत्व छान्न सकस परेपछि प्रदेश अधिवेशन पनि रोकिएको छ । कुटाकुट र तनावविच नै रास्वपा पर्सामा हरि पन्त बिजयी भए । मधेश प्रदेशमा रास्वपाको नगर अधिवेशनदेखि नै झाँगिएको झमेलाले जिल्ला र प्रदेशको अधिवेशन अनिश्चित बनायो । रास्वपाका मधेश प्रदेशका जिल्लास्थित चार पदाधिकारीहरुका अनुसार यहाँ अधिवेशन अशान्त र बिवादित हुनुको तीन कारण औंल्याए ।

पहिलो, नयाँ-पुराना नेता-कार्यकर्ताविच देखिएको टसल । दोस्रो, पार्टी शक्तिशाली बनेको बेला पदमा दोहरिने आकांक्षा र तेस्रो : प्रदेश सभापति तपेश्वर यादवको ठाडो हस्तक्षेप । रास्वपा धनुषाका सभापतिका प्रत्याशी अम्बुप्रसाद साहले चुनावअघि कमजोर नै रहेको रास्वपाको मधेश प्रदेशमा संगठन एकाएक बलियो र थुप्रै नेता-कार्यकर्ता आउँदा व्यवस्थापन गर्न समस्या देखिएको बताए । 'पार्टीमा स्टेप नै बन्न सकेन, सबै एकपटक माथिल्ला पद ताक्दा अव्यवस्थाजस्तो देखिएको हो,' साहले भने, 'पार्टीमा नयाँ र पुरानाको समस्या पनि देखिएको छ ।'

रास्वपा सर्लाहीका सभापति सरोज बनियाँले प्रदेश कमिटिको नियतवश

बाँकी पृष्ठ ३

## मधेश सरकारले १ करोडभन्दा कमका योजना नराख्ने

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २८ गते**




आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमा टुक्रे योजनालाई निरुत्साहित गर्दै एक करोडभन्दा कमको योजना नराख्ने मधेश प्रदेश सरकारले नीति लिएको छ ।

मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले बिहीबार प्रदेशसभा बैठकमा प्रस्तुत मधेश प्रदेश विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकतामा यस्तो नीति लिइएको हो ।

सडक, ऊर्जा, शहरी तथा डिजिटल पूर्वाधारलाई एकीकृत दृष्टिकोणका साथ विकास गर्दै टुक्रे आयोजनालई निरुत्साहित गरी दिर्घकालीन महत्त्वका प्रादेशिक गौरव र बहुवर्षीय आयोजनाहरूमा श्रोत केन्द्रित गरिने विनियोजन विधेयकमा भनिएको छ ।

कठोर वित्तिय अनुशासन, मितव्ययिता र नतिजामुखी बजेटका लागि एक करोडभन्दा कमको योजनामा बजेट नछर्ने र अनुत्पादक खर्च कटौती गरी पुँजीगत निर्माणमा लगाउने रणनीति अख्तियार गरिने तथा शून्य बेरुजुको नीति कडाका साथ लागू गरिने विनियोजन विधेयकमा भनिएको छ ।

प्रदेशभित्र उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गरिनुका साथै लगानीमैत्री वातवरणको निर्माण र उत्पादनशील क्षेत्रमा पुँजी परिचालनमार्फत फराकिलो र दिगो आर्थिक वृद्धिको बलियो आधार तयार गर्नेमा आगामी बजेट केन्द्रित हुने नीति अवलम्बन गरिने अर्थमन्त्री भट्टराईले बताए ।

उनले सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो, पारदर्शी र नागरिकमैत्री बनाउन सूचना प्रविधिको अधिकत उपयोग गर्दै एकीकृत डिजिटल सेवा प्रवाह प्रणालीलाई सुदृढ गरिने बताएका छन् ।

बाँकी पृष्ठ ४

## तीन महिनाभित्र बालविवाहमुक्त वडा र पालिका घोषणा गर्न किशोरीहरूको माग

**मणिलाल विश्वकर्मा**
**सिरहा, जेठ २८ गते**



सिरहाको गोलबजारका किशोरीहरूले निश्चित तहको पढाइ सकेर सुरक्षित भविष्य निर्माणका लागि तगारो बनिरहेको बालविवाह अन्त्य गर्दै कार्यविधि बनाएर तीन महिनाभित्र बालविवाहमुक्त वडा-पालिका घोषणाको माग गरेका छन् ।

गोलबजार नगरपालिकाको समन्वयमा १६ जेठमा सम्पन्न दोस्रो नगरस्तरीय सम्मेलनमा सहभागी किशोरी सञ्जालका अगुवाहरूले नगर प्रमुख श्यामकुमार श्रेष्ठ र उपप्रमुख मान्ती साहलाई संयुक्त रूपमा बालविवाह अन्त्यसहित विभिन्न १० बुँदे मागपत्र बुझाएका हुन् । 'हाम्रो शिक्षा नरोकियोस्, हाम्रो विवाह कानुनी उमेरअघि नगरियोस्, हाम्रो आवाज पालिकाको योजनामा सुनियोस् र हाम्रो भविष्य सुरक्षित, सम्मानित र अवसरयुक्त बनाइयोस्' भन्दै उनीहरूले वडाको सिफारिसमा मात्र विवाह गर्न पाउने व्यवस्थाको माग गरेका छन् ।

**विद्यालय भर्नादेखि लैंगिक सम्पर्क शिक्षकसम्म**

सञ्जालले विभिन्न कारणले विद्यालय छोडेका २० वर्षमुनिको उमेर समूहका किशोरीहरूको तीन महिनाभित्र पालिकाको शिक्षा शाखामार्फत

बाँकी पृष्ठ ४

## अनुगमनको नाममा व्यापारी 'चोख्याउने' खेल

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २८ गते**




घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहाले बजार अनुगमनको नाममा केही व्यापारीलाई उन्मुक्ति दिँदै आएको आरोप लागेको छ । बुधबार बिहान करिब ८ बजे गोलबजार क्षेत्रमा गरिएको बजार अनुगमनपछि स्थानीय तथा व्यवसायीहरूले अनुगमन निष्पक्ष नभएको भन्दै प्रश्न उठाएका छन् ।

स्थानीय रामभरोसी यादवका अनुसार अनुगमन टोलीले केही पसल तथा व्यवसायिक प्रतिष्ठानमा पुगेर निरीक्षण गरे पनि नियम उल्लंघन गर्ने सबै व्यवसायीमाथि समान रूपमा कारबाही नगरी केहीलाई मात्र लक्षित गरेको देखिएको छ । उनका अनुसार अनुगमनका क्रममा म्याद नाघेका सामग्री, मूल्यसूची, दर्ता तथा बिलसम्बन्धी विषयमा चासो देखाइए पनि प्रभावशाली व्यवसायीहरूलाई भने संरक्षण गरिएको आभास भएको छ ।

व्यवसायीहरूले बजारलाई व्यवस्थित बनाउने उद्देश्यले गरिने अनुगमन स्वागतयोग्य भए पनि सबै व्यवसायीलाई एउटै मापदण्डमा राखेर पारदर्शी ढंगले कारबाही गर्नुपर्ने माग गरेका छन् । व्यवसायी शेखर यादबले भने, अनुगमन निष्पक्ष हुनुपर्छ । कसैलाई चोख्याउने र कसैलाई मात्र कारबाही

बाँकी पृष्ठ ३

## कमला पुल निर्माणका लागि मधेश प्रदेश सभा घेराउ गर्ने चेतावनी



**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २८ गते**

सिरहा नगरपालिका-६ का वडाअध्यक्ष ईन्द्रजित कुमार गोठियाले कमला पुल निर्माणको माग पूरा नभए शुक्रबार जनकपुरस्थित मधेश प्रदेश सभा घेराउ गरिने बताएका छन् । उनले कमला पुलको विषयमा संघीय तथा प्रदेश सरकारले बेवास्ता गरेको आरोप लगाउँदै जनताको धैर्यको बाँध टुट्न लागेको बताएका हुन् ।

कमला पुल निर्माणलाई लिएर सिरहा र धनुषाका स्थानीय, जनप्रतिनिधि तथा संघर्ष समितिले पछिल्लो समय आन्दोलनलाई थप सशक्त बनाउँदै आएका छन् । यसअघि पनि जनकपुरस्थित मधेश प्रदेश सभा अगाडि प्रदर्शन तथा नाराबाजी गरिएको थियो । आन्दोलनकारीहरूले

बाँकी पृष्ठ २






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सुशासन आयोगमै बेथिति

## मधेश प्रदेशमा सुशासनको नयाँ प्रयोगका रूपमा स्थापना गरिएको जनलोकपाल आयोग आफ्नै कार्यसम्पादनका कारण प्रश्नको घेरामा



✍ **वीरेन्द्र रमण**

सुशासनका लागि गठन गरिएको मधेस प्रदेश जनलोकपाल आयोग नियमावली, जनशक्ति अभाव र नियुक्ति विवादमा अल्झिएको छ।

प्रदेश जनलोकपाल ऐन, २०७७ अन्तर्गत गठन भएको आयोगलाई सार्वजनिक पद धारण गरेका व्यक्तिबाट भएका भ्रष्टाचार, अनियमितता वा पद दुरुपयोगसम्बन्धी उजुरी छानबिन गर्ने अधिकार छ। तर, आवश्यक नियमावली बन्न सकेको छैन भने प्रहरी, इन्जिनियर, कानुन अधिकृतलगायत जनशक्ति अभाव छ। नियमावली र आवश्यक कर्मचारी नहुँदा परिणाममुखी काम गर्न नसकेको आयोगका पदाधिकारीहरू नै बताउँछन्।

आयोगमा नियुक्त एक सदस्य हत्या मुद्दाका आरोपित रहेको खुलेपछि आयोग थप विवादमा तानिएको छ। नियुक्ति प्रक्रिया मिचिएको भन्दै विपक्षी दलहरूले प्रदेशसभा अवरुद्ध गर्दै आएका छन्।

**कागजमा अधिकार, व्यवहारमा अवरोध**

मधेश प्रदेशको सार्वजनिक मामिलालाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भ्रष्टाचारमुक्त बनाउने उद्देश्यले तत्कालीन प्रदेश नं. २ को प्रदेशसभाले प्रदेश जनलोकपाल ऐन, २०७७ बनाएको थियो। उक्त ऐन २३ भदौ २०७७ मा प्रमाणीकरण भएको थियो । ऐनको दफा २३ अन्तर्गत प्रदेश जनलोकपाल आयोग गठन गरिएको हो।

सात प्रदेशमध्ये मधेश प्रदेशले मात्रै यस्तो आयोग गठन गरेको थियो। गठनका बेला यसलाई प्रदेश र स्थानीय तहको कामकाजमा निगरानी राख्ने तथा सार्वजनिक पदाधिकारीबाट हुने बदमासीलाई कारबाहीको दायरामा ल्याउने संयन्त्रका रूपमा प्रस्तुत गरिएको थियो।

ऐनअनुसार आयोगले सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार, अनियमितता वा ऐनअन्तर्गतको कसुर गरेको उजुरी परे प्रारम्भिक छानबिन गर्न सक्छ। प्रदेश सरकारको अनुदान वा सहयोगबाट स्थानीय तह वा कुनै संगठित संस्थाले सञ्चालन गरेको परियोजना वा कार्यक्रममा अनियमितता भएको उजुरी आए पनि आयोगले छानबिन गर्न सक्ने व्यवस्था छ।

आयोगलाई प्रदेश र स्थानीय तहका सरकारी कार्यालयमा अनुगमन तथा निरीक्षण गर्ने, आयव्यय र लेखापरीक्षण विवरण हेर्ने, आवश्यक कागजात माग्ने, मुचुल्का बनाउने र खानतलासी गर्ने अधिकार दिइएको छ । तर, कानुनी अधिकार भए पनि व्यवहारमा आयोगले त्यसलाई प्रभावकारी रूपमा प्रयोग गर्न सकेको छैन।

नेपालको संविधानले भ्रष्टाचार सम्बन्धी अनुसन्धानको मुख्य जिम्मेवारी अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दिएको छ। यस्तो अवस्थामा प्रदेशले आफ्नै प्रकृतिको संस्था बनाएपछि सुरुदेखि नै यसको क्षेत्राधिकारबारे प्रश्न उठ्दै आएको थियो।

मधेश प्रदेशका पूर्व मुख्यन्यायाधिवक्ता एवं कानुन व्यवसायी दीपेन्द्र झा भने जनलोकपालले अख्तियारको संवैधानिक क्षेत्राधिकार नमिचेको दाबी गर्छन् । उनका अनुसार जनलोकपालले मुद्दा अभियोजन गर्दैनन्, छानबिन गरेर अख्तियारलाई सिफारिस मात्रै गर्छन् । झा भन्छन्, "यसले अख्तियारको संवैधानिक क्षेत्राधिकार मिचेको छैन ।" तर, जनलोकपालले छानबिन नै अघि बढाउन नसक्दा अख्तियारमा सिफारिस हुने अवस्था पनि बनेको छैन।

**महालेखाले उठायो प्रभावकारिताको प्रश्न**

महालेखापरीक्षकको मधेश प्रदेश सम्बन्धी आठौं प्रतिवेदन, २०८३ ले प्रदेश सरकारका अधिकांश आयोगको काम सन्तोषजनक नदेखिएको भन्दै सुधारको सुझाव दिएको छ।

प्रतिवेदनका अनुसार जनलोकपाल आयोगले सार्वजनिक पदाधिकारीबाट भएको अनियमितता तथा भ्रष्टाचारबारे विस्तृत छानबिन गरी भ्रष्टाचार देखिएमा रायसहितको प्रतिवेदन र सक्कल फाइल अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पठाउने व्यवस्था छ। तर, सार्वजनिक पदाधिकारीको अनियमितता र भ्रष्टाचारको विस्तृत छानबिन गर्ने विषयमा संवैधानिक व्यवस्थाका आधारमा थप स्पष्टता आवश्यक रहेको महालेखाले औंल्याएको छ।

आयोगका लागि एक आर्थिक वर्षमा चार करोड ९० लाख ११ हजार रुपैयाँ बजेट विनियोजन भएकामा एक करोड ३५ लाख ३३ हजार रुपैयाँ मात्रै खर्च भएको छ।

आयोगबाट प्राप्त विवरणअनुसार चालु वर्षका १४ र गत वर्षबाट जिम्मेवारी सरेका ४२ गरी ५६ उजुरी टुंगो लाग्न बाँकी छन्। चालु वर्षका उजुरीमा छात्रवृत्तिमा भ्रष्टाचार, आवश्यक कारबाही, अनियमितता, अवकाशप्राप्त कर्मचारीलाई कामकाजमा लगाएको, छानबिन गरी कानुनी कारबाही गर्नुपर्ने र प्रदेश सांसद विकास निर्माण योजनासम्बन्धी उजुरी छन्।

**'उजुरी आउँछ, तर छानबिन गर्ने साधन छैन'**

आयोगका अध्यक्ष रामसहाय यादव नियमावली, प्रहरी र आवश्यक कर्मचारी नहुँदा परिणाममुखी काम गर्न नसकेको बताउँछन्। "उजुरी आउँछ । त्यसको छानबिन गर्न नियमावली चाहिन्छ, त्यो छैन । अर्कातर्फ प्रहरीदेखि आवश्यक कर्मचारीसम्मको अभाव छ," यादव भन्छन्, "यस्तो अवस्थामा परिणाम दिने खालको काम हुन सकेको छैन।"

उनका अनुसार सडक निर्माणमा अनियमितताको उजुरी आयो भने त्यसको छानबिन गर्न इन्जिनियर चाहिन्छ। आयोगसँग इन्जिनियर छैन । कार्यालयमा कागजात नियन्त्रणमा लिन वा छापा मार्नुपरे प्रहरी चाहिन्छ, त्यो पनि छैन । "कुनै सडकको अनुगमन गर्नु छ भने इन्जिनियर चाहियो, हामीसँग छैन । यस्तो अवस्थामा कसरी परिणाम दिने खालको काम हुन सक्छ ?" यादव भन्छन्।

आयोगका सूचना अधिकारी प्रसन्नराज कर्ण पनि नियमावली अभावले काम अघि बढ्न नसकेको बताउँछन्। उनका अनुसार यसबारे पटक पटक पत्र लेखेर मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ध्यानाकर्षण गराइएको छ।

कर्मचारी खटनपटन र आवश्यक नियमावली बनाउने दायित्व मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको हो। तर, पटक पटक सरकार परिवर्तन भएको र ठोस योजना नआएको कारण आयोग प्रभावकारी हुन नसकेको आयोगका पदाधिकारीहरूको भनाइ छ।

**नियुक्ति विवादले प्रदेशसभा अवरुद्ध**

काम गर्न नसकेको आरोप खेपिरहेको आयोग पछिल्लो समय पदाधिकारी नियुक्तिका कारण थप विवादमा परेको छ।

१ माघ २०८१ मा आयोगका दुई सदस्य राजकिशोर साह र शोभा महतोले आयोगको कामकाजप्रति असन्तुष्टि जनाउँदै राजीनामा दिएका थिए। त्यसपछि मुख्यमन्त्री कृष्णप्रसाद यादवले दुई जना सदस्य नियुक्त गरे। तर, ती नियुक्ति अहिले विवादमा परेका छन्।

विपक्षी दलहरूले प्रक्रियाविपरीत नियुक्ति गरिएको भन्दै त्यसलाई खारेज गर्न माग गर्दै प्रदेशसभा बैठक अवरुद्ध पार्दै आएका छन् । जसपा नेपाल, जनमत पार्टी र राप्रपाले प्रदेशसभा बैठक अवरुद्ध गर्दै आएका हुन्। १९ जेठदेखि विपक्षी दलहरूको अवरोधका कारण प्रदेशसभा बैठक अनिश्चित बनेको छ।

आयोगको नियुक्ति समितिमा मुख्यमन्त्री, विपक्षी दलका नेता र सभामुख रहने व्यवस्था छ। तर, सभामुख बैठकमा अनुपस्थित रहेको र विपक्षी दलको नेताबारे अन्योल रहेको अवस्थामा नियुक्ति गरिएको विपक्षीहरूको आरोप छ।

जनमत पार्टी संसदीय दलका नेता चन्दनकुमार सिंह भन्छन्, "हाम्रो पार्टीले सरकारलाई समर्थन फिर्ता लिएको र सरकारले प्रदेशसभाबाट विश्वासको मत पाउन नसकेको अवस्थामा नियुक्ति गरिनुले प्रक्रिया नमिलेको स्पष्ट देखिन्छ।"

मुख्यमन्त्री यादव भने नियुक्ति वैधानिक रूपमै भएको दाबी गर्छन्। उनका अनुसार नियुक्ति समितिमा मुख्यमन्त्री, विपक्षी दलका नेता र सभामुख रहने व्यवस्था भए पनि सभामुख बैठकमा नआएपछि मुख्यमन्त्री र विपक्षी दलका नेताको उपस्थितिमा सिफारिस गरिएको हो। उनले त्यस समयमा विपक्षी दल नेकपा (एमाले) रहेको भन्दै एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई राखेर नियुक्ति गरिएको बताए।

**हत्या मुद्दाका आरोपित सदस्य**

मधेश प्रदेश सरकारले प्रदेश जनलोकपाल आयोगको सदस्यमा नियुक्त गरेका सञ्जीवकुमार झा हत्या मुद्दाका आरोपित रहेको खुलेपछि विवाद झन् चर्किएको छ।

१२ जेठमा प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले समितिको सिफारिसमा

बाँकी पृष्ठ ३ ▶▶

# सम्पादकीय...

## प्रमुख विहीनता र बजेट फ्रिजको जोखिम

मधेश प्रदेश सरकार अन्तर्गत जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय सिरहामा चरम वेतिथि देखिएको छ। आर्थिक वर्ष २०८२/८३ सकिन एक महिना जति मात्र बाँकी छ। तैपनि सिँचाई विकास डिभिजन कार्यालयले विनियोजित बजेटबाट एक रुपैयाँसमेत खर्च गर्न सकेको छैन्। यो सामान्य प्रशासनिक त्रुटि मात्र होइन। चरम वेतिथिको उदाहरण नै बनेको छ। डिभिजन प्रमुखको सरुवापछि लामो समयसम्म आर्थिक अधिकारसहितको निमित्त प्रमुखसमेत नतोकिनु प्रशासनिक बेवास्ताको प्रत्यक्ष प्रमाण हो। सरकारी कार्यालयमा कर्मचारी सरुवा हुनु नियमित प्रक्रिया हो, तर त्यसले कार्यालयको कामकाज नै ठप्प बनाउने अवस्था आउनु व्यवस्थापनको असफलता हो। अझ कृषि उत्पादन, सिँचाइ सुविधा र ग्रामीण विकाससँग प्रत्यक्ष जोडिएका योजनाहरू सञ्चालन गर्ने कार्यालयमा यस्तो अवस्था सिर्जना हुनु झन् चिन्ताजनक विषय हो।

सिरहाका विभिन्न स्थानका लागि आठदेखि १६ लाख रुपैयाँसम्मका सतह सिँचाइ योजनाहरू स्वीकृत भएका छन्। यी योजनाहरू कागजमा मात्र सीमित रहे भने त्यसको प्रत्यक्ष असर किसानमाथि पर्छ। सिँचाइ पूर्वाधार अभावले उत्पादन लागत बढ्ने, खेतीको जोखिम बढ्ने र कृषि उत्पादनमा गिरावट आउने सम्भावना रहन्छ। बजेट फ्रिज हुनु भनेको केवल सरकारी रकम खर्च नहुनु मात्र होइन, त्यसबाट अपेक्षित सेवा र विकास पनि जनताले नपाउनु हो। यस घटनाले प्रदेश सरकारको योजना तथा बजेट व्यवस्थापन प्रणालीमाथि समेत प्रश्न उठाएको छ। वर्षभरि योजना कार्यान्वयनमा सुस्तता देखाउने र आर्थिक वर्षको अन्त्यतिर हतारहतार खर्च गर्ने प्रवृत्तिको आलोचना हुँदै आएको छ। तर यहाँ त खर्च गर्ने आधारभूत प्रशासनिक संरचनासमेत कायम राख्न नसकिएको देखिन्छ।

जेठ महिनाको अन्तिम साता चल्दैछ। उपभोक्ता समिति गठन, कोटेसन वा टेन्डर प्रक्रियाका कानुनी समयसीमा हेर्दा बाँकी अवधिमा योजनाहरू प्रभावकारी रूपमा सम्पन्न हुने सम्भावना अत्यन्त न्यून देखिन्छ। यस्तो अवस्थामा हतारमा काम गराएर गुणस्तरहीन निर्माण गराउनु पनि उचित हुँदैन। त्यसैले समस्या केवल बजेट खर्चको मात्र नभई सुशासन र उत्तरदायित्वको पनि हो। प्रदेश सरकारले तत्काल यस विषयमा छानबिन गरी जिम्मेवार निकाय र पदाधिकारीको जवाफदेहिता सुनिश्चित गर्नुपर्छ। साथै भविष्यमा कुनै पनि कार्यालय प्रमुखको सरुवा वा पद रिक्त हुँदा सेवा प्रवाह र आर्थिक कारोबार अवरुद्ध नहुने व्यवस्था संस्थागत रूपमा गर्न आवश्यक छ। विकासका नाममा बजेट विनियोजन गर्ने तर कार्यान्वयनको न्यूनतम पूर्वतयारीसमेत नगर्ने प्रवृत्तिले जनतामा सरकारप्रतिको विश्वास कमजोर बनाउँछ। मधेश प्रदेश सरकारको व्यवस्थापकीय कमजोरीलाई समयमै हटाउन सक्नुपर्छ। किसानको हित, विकासको आवश्यकता र सार्वजनिक स्रोतको सदुपयोगलाई केन्द्रमा राखेर मधेश प्रदेश सरकारले तत्काल समाधान खोज्न सकेन भने करोडौं रुपैयाँ बजेटसँगै जनताको आशा पनि फ्रिज हुने जोखिम उच्च रहन्छ। यसैले प्रदेश सरकारले यसमा गम्भीरता देखाउनु नै पर्छ।

## कमला पुल निर्माणका लागि मधेश ............

प्रदेश सरकारले तत्काल बजेट विनियोजन गरी नयाँ कमला पुल निर्माण प्रक्रिया अघि बढाउनुपर्ने माग राख्दै आएका छन्।

वडाअध्यक्ष गोठियाले कमला पुल निर्माणका लागि प्रदेश सरकार गम्भीर नभए प्रदेश सभा घेराउसहित थप कडा आन्दोलनका कार्यक्रम घोषणा गरिने चेतावनी दिएका छन्।

स्थानीयहरूका अनुसार वर्षौंदेखि अलपत्र रहेको कमला पुलका कारण सिरहा-धनुषा आवतजावतमा समस्या हुँदै आएको छ।

# आजको राशिफल

**मेष** : विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

**बृष** : आम्दानी सामान्य भए पनि ठूलो खाँचो टर्नेछ। खर्च भए पनि विभिन्न अवसरले पछ्याउनेछन्।

**मिथुन** : नयाँ व्यवसाय सुरु गर्ने मौका छ। महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

**कर्कट** : प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ।

**सिंह** : रमाइलो यात्राको अवसर जुट्न सक्छ। मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन समेत कसिन सक्छ।

**कन्या** : सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। व्यवसायमा लगानी बढाउने मौका जुर्न सक्छ।

**तुला** : प्रशंसकहरू बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। प्रतिस्पर्धीहरूलाई सजिलै वशमा ल्याउन सकिनेछ।

**वृश्चिक** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। पैत्रिक सम्पत्तिको उपयोगबाट थप फाइदा उठाउन सकिनेछ।

**धनु** : विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ।

**मकर** : काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ।

**कुम्भ** : सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ। लगनशीलताले महत्वपूर्ण काम दिलाउन सक्छ।

**मीन** : अध्ययन अध्यापनमा प्रगति हुनेछ। बोलीको प्रभावले धेरैलाई आकर्षित गर्नुका साथै सजिलै काम बनाउन सकिनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल

# होल्डिङ सेन्टरका सुकुमवासीलाई तीन प्रकारको बीमा सेवा दिने सरकारको तयारी




**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २८ गते**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले काठमाडौं उपत्यकाका होल्डिङ सेन्टरमा बसिरहेका विस्थापित सुकुमवासीलाई दुर्घटना बीमा, स्वास्थ्य बीमा र जीवन बीमा सेवा दिने तयारी तीव्र पारेको बताएको छ।

प्रधानमन्त्री कार्यालयले सरकारले तोकेको होल्डिङ सेन्टरमा आश्रय लिइरहेका 'भूमिहीन तथा अव्यवस्थित बसोबासी'लाई ती बीमा कार्यक्रमको सेवा दिने तयारी तीव्र पारेको जनाएको हो।

प्रधानमन्त्री कार्यालयको सहजीकरणमा पूर्वाधार विकास मन्त्रालयले होल्डिङ सेन्टरमा आश्रयरत रहेका नागरिकलाई सामूहिक तथा व्यक्तिगत दुर्घटना बीमाका साथै बालबालिकाहरूका लागि बाल शैक्षिक योजनाको समेत सुविधा उपलब्ध गराउने योजना बनाएको बताएको छ।

त्यसका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाल बीमा प्राधिकरण, राष्ट्रिय बीमा कम्पनी, राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, स्वास्थ्य बीमा बोर्ड र नेपाल राष्ट्र बैंकले आवश्यक तयारी गरेको भनिएको छ।

हाल काठमाडौं उपत्यकाभित्रका ६ वटा होल्डिङ सेन्टरमा करिब एक हजार ४८८ जना आश्रय लिएर बसिरहेको प्रधानमन्त्री कार्यालयको दाबी छ। जसमध्ये ९५ प्रतिशतभन्दा बढीको डिजिटल लगत संकलन भइसकेको भनेको छ।

बीमा कार्यक्रमको सम्पूर्ण लागत तथा प्रिमियम खर्च सरकारले नै बेहोर्ने र त्यसका लागि आवश्यक स्रोत सुनिश्चित भइसकेको प्रधानमन्त्री कार्यालयले जनाएको छ।

यो कार्यक्रमलाई कम्तीमा १० वर्षसम्म यसलाई निरन्तरता दिने योजना बनाइएको सरकारले जनाएको छ।

## अनुगमनको नाममा व्यापारी ...........

गर्ने प्रवृत्तिले बजारमा गलत सन्देश जान्छ।

केही व्यवसायीका अनुसार अनुगमन टोली निश्चित पसललाई लक्ष्य बनाएर आउने गरेको धारणा बजारमा फैलिएकाले कतिपय व्यापारी अनुगमनको खबर पाएपछि पसल बन्द गर्न बाध्य हुने गरेका छन्।

यता घरेलु तथा साना उद्योग कार्यालय लहानका प्रमुख किशोरीशरण यादवले भने अनुगमन कानुन र निर्धारित मापदण्डअनुसार नै गरिएको दाबी गरेका छन्। हामीले नियमित रूपमा अनुगमन गर्दै आएका छौं।

प्रत्येक वर्ष असार मसान्ततिर मात्रै अनुगमन तीव्र हुने गरेको विषयमा प्रश्न गर्दा उनले नियमित अनुगमन हुने गरेको बताए। अनुगमनमा नापतौल तथा खाद्य प्रविधिसम्बन्धी निकायलाई समेत समावेश गर्नुपर्ने विषयमा उनले यो प्रारम्भिक चरणको अनुगमन भएकाले आगामी दिनमा सम्बन्धित निकायहरूलाई समेत समावेश गरिने जानकारी दिएयसले पनि अनुगमनको नाम्मा साना व्यापारीलाइ जरिवना गर्ने र ठुला-बडा व्यापरिहरुसंग मोटो रकम बुझेर चोख्याउने काम गर्ने गरेको प्रष्ट हुन्छ।

साना व्यवसायीलाई जरिवाना गर्ने तर ठूला व्यापारीसँग मिलेमतो गरी उन्मुक्ति दिने आरोपबारे प्रतिक्रिया दिँदै प्रमुख यादवले भने, तथ्य र प्रमाणसहित आए म आवश्यक कारबाही भोग्न तयार छु। कार्यालय समय सुरु हुनुअघि नै अनुगमनमा निस्किएको विषयमा उनले कर्मचारी अभाव र कार्यालय समयमा सेवाग्राहीको चाप रहने भएकाले बिहानै अनुगमन गर्नुपरेको स्पष्ट पारे।

यता उद्योग वाणिज्य संघ गोलबजारका अध्यक्ष विजय साहले अधिकांश व्यवसायीले मापदण्डअनुसार नै पसल सञ्चालन गरिरहेको दाबी गरे। अनुगमन टोली आउँदा पसल बन्द गरिएको भन्ने आरोप अस्वीकार गर्दै उनले वर्षाका कारण केही व्यवसायीले पसल ढिलो खोलेको बताए। तर प्रत्यक्षदर्शीहरूका अनुसार अनुगमन टोली करिब ३-४ घण्टा बजार क्षेत्रमा रहँदा धेरै व्यवसायीले पसल नखोली पसल अगाडि वा आसपास बसेर गतिविधि नियालिरहेका देखिएका थिए।

बुधबारको अनुगमनका क्रममा दुई वटा सुन पसल, किराना, जुत्ता-चप्पल लगायत गरी जम्मा सात वटा पसलमा मात्र निरीक्षण गरिएको थियो।

## किन अशान्त बन्यो रास्वपाको मधेश ..............

आचरणका कारण सर्लाहीको अधिवेशन विवादित बनेको आरोप लगाए। 'प्रदेश सभापतिले आफूअनुकुलको उम्मेदवारलाई च्यापेपछि सर्लाहीमा बिवाद बढेको थियो,' उनले भने, 'सहमतिमा जाउ भन्दा पनि जानाजान बिवाद खोजियो।'

मधेश प्रदेशका ८ वटै जिल्लाका रास्वपा सभापति दोहरिने इच्छा राखेका छन्। पर्सामा त जिल्ला सभापति पन्त नै दोहरिएका छन्। सर्लाहीमा पनि बानिया र कृष्णनन्दन यादव प्रत्याशी थिए। महोत्तरीमा हालकै सभापति शुभमकुमार यादव नै प्रत्याशी छन्। धनुषामा यसअघिका सभापति लक्ष्मेश्वर यादव पनि आकांक्षी थिए।

रास्वपाका प्रदेश सभापति तपेश्वर यादवले एउटा जातिय समूह र आफूअनुकुलको व्यक्तिलाई काखी च्यापेका कारण अधिवेशन प्रभावित बनेको भन्दै मधेश प्रदेशका अधिकांश जिल्ला अध्यक्षले रास्वपा केन्द्रीय समितिलाई पत्र नै लेखेका छन्। मधेश प्रदेशमा फेरि सभापति बन्न तपेश्वर यादवले ८ वटै जिल्लामा भाँडभैलो गरेको ती सभापतिहरुको आरोप छ। रास्वपाका मधेश प्रदेश सभापति यादवलाई कयौं पटक सम्पर्क गर्दा पनि उनले मोबाइल उठाएनन्।

मधेश प्रदेशको सभापतिका लागि रास्वपामा तपेश्वर यादव र शिव यादवबीच प्रतिस्पर्धा देखिएको थियो। यी दुवैजना सिरहाका हुन्। यादवद्वयको प्रदेश सभापति बन्ने आकांक्षाका कारण उनीहरुको गृह जिल्ला सिरहाकै अधिवेशन तनावपूर्ण बनेको थियो।




## सुशासन आयोगमै ...........

महोत्तरीको औरही नगरपालिका-७ बस्ने झा र सोही नगरपालिका-८ बस्ने कुमारी सुजाता विमललाई प्रदेश जनलोकपाल आयोगको सदस्यमा नियुक्त गरेका थिए।

सदस्य नियुक्त भएका झा महोत्तरीको रामगोपालपुर नगरपालिका-२ का वडाध्यक्ष मुकेश यादवको हत्या आरोपमा पुर्पक्षका लागि कारागार बसेर साधारण तारेखमा रिहा भएका अभियुक्त हुन्।

९ भदौ २०८१ को बिहान वडाध्यक्ष यादव सवार लु.प्र. ०१-००१ प ६३६२ नम्बरको मोटरसाइकल जलेश्वर-बर्दिबास सडक खण्डको बर्दिबास नगरपालिका-८ स्थित कल्भर्ट नजिकै फेला परेको थियो। यादव मृत भेटिएपछि घटना शंकास्पद रहेको भन्दै तत्कालीन नेकपा (माओवादी केन्द्र)का नेता-कार्यकर्ताले छानबिनको दबाब दिएका थिए।

सीआईबीसहितको अनुसन्धानपछि वडाध्यक्ष यादवको हत्या आरोपमा झा र दिलीप मण्डल पक्राउ परेका थिए। जिल्ला प्रहरी कार्यालय महोत्तरीले झाको संलग्नता रहेको भन्दै मुद्दा दर्ता गराएको थियो। महोत्तरी जिल्ला अदालतले उनीहरूलाई पुर्पक्षका लागि कारागार पठाएको थियो। उच्च अदालत जनकपुरले साधारण तारेखमा रिहा गरेपछि झा बाहिर छन्। मुद्दा भने चालु अवस्थामै छ।

झा नेकपा (एमाले) एवं पूर्वमुख्यमन्त्री सरोजकुमार यादवको तर्फबाट सदस्यमा नियुक्त भएको आरोप छ। पूर्वमुख्यमन्त्री यादव भने सदस्य पदका लागि निवेदन परेकामध्ये राम्रो देखिएकाले मुख्यमन्त्रीले झालाई सिफारिस गरेको दाबी गर्छन्।

ऐनअनुसार आयोगको अध्यक्ष वा सदस्यका लागि नेपाली नागरिक, स्नातकोत्तर उपाधि प्राप्त, न्याय, कानुन, राजस्व, व्यवस्थापन वा सार्वजनिक प्रशासन क्षेत्रमा कम्तीमा १० वर्ष काम वा अध्यापन गरी ख्याति प्राप्त गरेको वा भ्रष्टाचारविरुद्धको अभियानमा कम्तीमा १० वर्ष नेतृत्वदायी भूमिका निर्वाह गरेको र उच्च नैतिक चरित्र भएको व्यक्ति हुनुपर्ने व्यवस्था छ। नियुक्त हुनुअघि कुनै राजनीतिक दलको सदस्य नरहेको हुनुपर्ने व्यवस्था पनि ऐनमा छ।

### कर्मचारी थन्काउने थलो बनेको आरोप

आयोगमा कर्मचारी व्यवस्थापन पनि विवादमुक्त छैन। ३३ कर्मचारीको दरबन्दी रहेकामा हाल १६ जना मात्रै कार्यरत छन्। निमित्त सहसचिव, तीन उपसचिव, तीन अधिकृत, एक नायब सुब्बा, दुई सवारी चालक र पाँच कार्यालय सहायक आयोगमा कार्यरत छन्।

हाल आयोगको सचिवमा वीरेन्द्रकुमार मिश्र छन्। उनलाई सरकारले मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयको सचिवमा पठाए पनि अहिले आयोगको सचिवको जिम्मेवारीमा दिइएको छ।

यसअघि समाज कल्याण तथा खेलकुद मन्त्रालयमा सचिवको पदभार सम्हालेका चुडामणि फुयाललाई पनि आयोगमा निमित्त सचिवका रूपमा जिम्मेवारी दिइएको थियो। मन्त्रालयका मन्त्रीसँग कामको विषयमा विवाद भएपछि उनलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट आयोगमा पठाइएको स्रोतको भनाइ छ।

मुख्यमन्त्री कृष्णप्रसाद यादव भने सरकारको ध्यान अहिले बजेट निर्माणतर्फ रहेको बताउँछन्। उनका अनुसार बजेट निर्माण सकिएपछि मन्त्रालय र आयोगहरूको संख्या घटाउने तथा आवश्यकताका आधारमा कुन कार्यालय राख्ने भन्ने निर्णय गरिनेछ। "बजेटपछि हामी कर्मचारीको विषयमा अध्ययन गराउनेछौं। कुन कुन आयोग राख्ने, कति मन्त्रालय घटाउने जस्ता व्यवस्थापनको काम त्यसपछि गरिनेछ। त्यसका लागि आवश्यक नियमावली बनाएर अघि बढ्छौं," मुख्यमन्त्री यादव भन्छन्।

आयोगका पूर्वसदस्य राजकिशोर साह तीन वर्षसम्म काम गर्दा सरकारले नियमावली नबनाएको र माग गरिएका कर्मचारीसमेत नपठाएको बताउँछन्। उनका अनुसार उजुरी दिनेहरू उजुरीबारेको जिज्ञासा बारम्बार राख्थे, तर आयोगसँग जवाफ नै थिएन। "काम गर्ने वातावरण नै थिएन। कोठा थिएन, प्रहरी थिएन, कर्मचारीसमेत थिएनन्," साह भन्छन्, "अभावमा कसरी काम गर्ने? जिम्मेवारी ठूलो, काम गर्ने वातावरण छैन। त्यहाँ बसेर तलब खाएर गाली खानुभन्दा आफ्नो बाटो लाग्ने निर्णय गर्‍यौं।"

अर्की पूर्व सदस्य शोभा महतो पनि सरकारले उपेक्षा गरेका कारण आयोगले प्रभावकारी रूपमा काम गर्न नसकेको बताउँछिन्। "हामीले नियमावली माग गर्‍यौं, कर्मचारी चाहियो भन्यौं, तर सरकारले केही गरेन," उनी भन्छिन्, "बजेट पठाउनेबाहेक आयोगको प्रभावकारिताबारे सोचिएन। त्यसैले आयोगमा बस्नुको औचित्य नदेखेर आफ्नो बाटो लाग्यौं।"

### सुविधा धेरै, परिणाम कम

आयोगका अध्यक्ष र सदस्यहरूको सेवा-सुविधामा प्रत्येक वर्ष ठूलो रकम खर्च हुने गरेको छ। तर, खर्चअनुसार परिणाम देखिएको छैन।

जनलोकपाल ऐनमा आयोगका अध्यक्षलाई उच्च अदालतका मुख्य न्यायाधीश र सदस्यहरूलाई उच्च अदालतका न्यायाधीशसरह सुविधा तोकिएको छ। यसअनुसार अध्यक्षले मासिक ६६ हजार रुपैयाँ र सदस्यहरूले मासिक ६३ हजार रुपैयाँ तलब बुझ्दै आएका थिए। अध्यक्ष र सदस्य सबैलाई गाडी सुविधा उपलब्ध गराइएको छ।

अध्यक्षलाई मासिक १०० लिटर डिजेल र सदस्यहरूलाई मासिक ८० लिटर डिजेल सुविधा दिइँदै आएको छ। त्यसबाहेक प्रतिबैठक भत्ता दुई हजार ५०० रुपैयाँ तोकिएको छ।

आर्थिक वर्ष २०८०/८१ मा आयोगको कुल बजेट चार करोड ९० लाख रुपैयाँ थियो। त्यसमा १९.८८ प्रतिशत मात्रै खर्च भएको थियो। आव २०८१/०८२ मा कुल बजेट चार करोड ७६ लाख ६१ हजार रुपैयाँ थियो, जसमध्ये एक करोड ३५ लाख ३३ हजार रुपैयाँ खर्च भएको छ।

आयोगका सदस्यहरूको नियुक्ति सुरुदेखि नै दलगत भागबन्डाका आधारमा हुँदै आएको आरोप छ। पहिलो पटक नियुक्त हुँदा अध्यक्ष जसपा, एक सदस्य तत्कालीन सभामुख र अर्को सदस्य नेकपा (एकीकृत समाजवादी)को भागमा परेको थियो। अहिले नियुक्त दुवै सदस्य एमालेको कोटामा रहेको आरोप छ।

जसपा नेपालका नेता एवं पूर्वमन्त्री सञ्जयकुमार यादव भने प्रदेश सरकारकै कारण आयोगहरूको काम प्रभावकारी हुन नसकेको बताउँछन्। "कानुन छैन भने कानुन बनाएर दिनुपर्छ, कर्मचारी छैन भने कर्मचारी दिनुपर्छ," यादव भन्छन्, "तर सरकार अहिले नियम कानुन मिचेर यसलाई भर्ती केन्द्र बनाइरहेको छ, त्यो उचित होइन।"

### घट्दो विश्वास

मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत आफ्नो नेतृत्वको सरकारले असल नियतका साथ आयोग गठन गरेको बताउँछन्। उनका अनुसार प्रदेशलाई सुशासनको बाटोमा लैजान आयोग गठन गरिएको थियो।

"संघीयता कार्यान्वयन गर्न विभिन्न निकायको आवश्यकता पर्छ। त्यहीअनुसार हाम्रो नेतृत्वको सरकारले आयोग गठन गर्‍यो," राउत भन्छन्, "तर निर्वाचनपछि हाम्रो सरकार हट्यो, आयोगले काम गर्न सकेन। आयोगलाई प्रभावकारी रूपमा काम गर्ने वातावरण बनाउने जिम्मेवारी सरकारकै हो।"

ऐनअनुसार प्रारम्भिक अनुसन्धानबाट सार्वजनिक पदाधिकारीले प्रचलित कानुनबमोजिम भ्रष्टाचार गरेको प्रमाण देखिएमा र तत्काल निलम्बन नगरिए सबुद-प्रमाण नष्ट हुन सक्ने कारण भए आयोगले त्यस्ता राष्ट्रसेवकलाई तत्काल निलम्बनका लागि अख्तियारवाला निकायलाई लेखी पठाउन सक्छ।

प्रदेशसभा सदस्य वा मन्त्रीलाई निलम्बन गर्नुपर्ने भएमा प्रदेशसभा सदस्यको हकमा सभामुख र मन्त्रीको हकमा मुख्यमन्त्रीलाई सिफारिस गर्नुपर्ने व्यवस्था छ।

तर, आयोगले पुराना उजुरी नै टुंगो लगाउन नसकेपछि नयाँ उजुरी कम पर्न थालेका छन्। जनकपुरधामका युवा अभियन्ता सरोज मिश्र आयोगप्रति स्थानीयको विश्वास घटेको बताउँछन्। "पहिले परेको उजुरीबारे नै कारबाही भएको छैन। यस्तो आयोगलाई कसले पत्याउँछ ?" मिश्र भन्छन्, "प्रदेशका स्थानीयलाई आयोगको काम गर्ने शैलीप्रति विश्वास छैन। अहिले किन मान्छेले उजुरी दिन्छ ?"

पाँच वर्षअघि मधेश प्रदेशमा सुशासनको नयाँ प्रयोगका रूपमा स्थापना गरिएको जनलोकपाल आयोग अहिले आफ्नै कार्यसम्पादन, कानुनी तयारी, जनशक्ति व्यवस्थापन र नियुक्ति प्रक्रियाका कारण प्रश्नको घेरामा परेको छ। आयोगमा आएका उजुरीको प्रभावकारी सुनुवाइ हुन नसक्दा भ्रष्टाचारविरुद्ध प्रदेशस्तरको निगरानी संयन्त्र बन्ने यसको उद्देश्य अधुरै देखिएको छ।


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# शिक्षा र स्वास्थ्यमा कर लगाउनु संविधान विपरीत: अमरेश सिंह

**अपन दैनिक संवाददाता**
**सिरहा, जेठ २८ गते**



सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अमरेशकुमार सिंहले शिक्षा र स्वास्थ्य जस्ता संविधानले ग्यारेन्टी गरेका मौलिक अधिकारका सेवामा कर लगाउने सरकारी नीतिको कडा आलोचना गरेका छन्।

प्रतिनिधिसभामा बजेटमाथिको सैद्धान्तिक छलफलमा भाग लिँदै उनले निजी विद्यालय र अस्पतालमा लगाइएको कर अन्ततः त्यहाँ पढ्ने विद्यार्थी र सर्वसाधारणकै टाउकोमा पर्ने भन्दै यसलाई संविधानको मर्म विपरीत भएको दाबी गरेका हुन्।

'म संविधानको हस्ताक्षरकर्ता हुँ, संविधानमा शिक्षा मौलिक अधिकार हो र यसमा कर लगाउन पाइँदैन,' सांसद सिंहले भने।

उनले कर लगाउनुअघि सार्वजनिक विद्यालय मजबुत बनाउनुपर्नेमा जोड दिँदै सातवटै प्रदेशमा कम्तिमा सातवटा बुढानीलकण्ठ जस्ता नमूना विद्यालय बन्ने र नयाँ पुस्ताका विद्यार्थी उत्पादन हुने आफ्नो आशा बजेटमा कतै नदेखिएको भन्दै निराशा व्यक्त गरे।

अर्थमन्त्री स्वर्णिम वाग्ले बुढानिलकण्ठ स्कुल पढेका हुन्। संसदमा सिंहले आलोचना गर्दा अर्थमन्त्री वाग्ले बैठकमै थिए।

बजेटले केही व्यक्तिगत आयकरको सीमा बढाएको र सूचना प्रविधि क्षेत्रलाई सम्बोधन गरेको जस्ता राम्रा पक्ष भए पनि समग्रमा यसले देशमा व्यापार गर्ने वातावरण र लगानीको माहोल बनाउन नसकेको उनले बताए।

कुल गाहस्र्थ्य उत्पादन (जिडिपी) को ३२-३३ प्रतिशत आकारको बजेट बनाउने अभ्यास दक्षिण एसियाकै कुनै देशमा नभएको भन्दै उनले यसलाई 'फुकेको बेलुन' को संज्ञा दिए।

# साढे १३ हजार सामुदायिक विद्यालयमा सयभन्दा कम विद्यार्थी

**काठमाडौं, जेठ २८ गते।** सार्वजनिक शिक्षा सुधार अभियान र विद्यालय समायोजनका कार्यक्रम जारी रहे पनि मुलुकका १३ हजार ७३६ सामुदायिक विद्यालयमा अझै सयभन्दा कम विद्यार्थी रहेको पाइएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयले बुधबार सार्वजनिक गरेको 'शैक्षिक सूचना, २०८२' मा कूल सामुदायिक विद्यालयमध्ये आधाभन्दा बढीमा एक सयभन्दा कम विद्यार्थी देखिएका छन्। सयभन्दा कम विद्यार्थी भएका सामुदायिक विद्यालयको यो सङ्ख्या कूल सामुदायिक विद्यालय २७ हजार १० को ५० दशमलव ८६ प्रतिशत हो।

मन्त्रालयका अनुसार १०० देखि ५०० सम्म विद्यार्थी भएका सामुदायिक विद्यालय १० हजार ८६९, ५०१ देखि एक हजारसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय एक हजार ६७०, एक हजार एकदेखि एक हजार ५०० सम्म विद्यार्थी भएका सामुदायिक विद्यालय ४६७ रहेको छ।

एक हजार ५०१ देखि दुई हजारसम्म विद्यार्थी भएका सामुदायिक



विद्यालय १४० र दुई हजारभन्दा बढी विद्यार्थी भएका सामुदायिक विद्यालयको सङ्ख्या मात्र १२८ रहेको छ। हाल मुलुकभर ३५ हजार ९५१ कूल विद्यालयमध्ये एक हजार ८७ परम्परागत र २५ हजार ६२३ सामुदायिक विद्यालय छन्। यसमध्ये आठ हजार ९४१ संस्थागत (निजी विद्यालय) छन्। सबै विद्यालयमा गरेर कूल ७० लाख ४० हजार ८२५ विद्यार्थी छन्।

मुलुकभरका सामुदायिक विद्यालयमध्ये चार हजारभन्दा बढी विद्यार्थी नौ सामुदायिक विद्यालय रहेका छन्। ती विद्यालयमा रूपन्देहीको बुटवल उपमहानगरपालिकास्थित कालिका मानवज्ञान माविमा देशभरि मै सबैभन्दा बढी आठ हजार २३९ विद्यार्थी छन्।

रूपन्देहीकै तिलोत्तमा नगरपालिकाको शान्ति नमूना माविमा सात हजार १२०, बुटवल उपमहानगरपालिकाकै कान्ति माविमा छ हजार ३४ र नवीन औद्योगिक कदरबहादुर रीता माविमा पाँच हजार ३४० विद्यार्थी रहेका छन्।

रूपन्देहीपछि काठमाडौँमा बढी विद्यार्थी भएका सामुदायिक विद्यालय छन्। काठमाडौँ महानगरपालिकाको ज्ञानोदय माविमा चार हजार ७४६ र विश्वनिकेतन माविमा चार हजार ३०१ विद्यार्थी रहेको छन्।

धनुषाको विदेह नगरपालिकाको जनता नमुना माविमा छ हजार दुई सय ६६, मोरङको सुन्दरहरैचा नगरपालिकाको सुकुना माविमा चार हजार छ सय ४२, भक्तपुर नगरपालिकाको वागिश्वरी माविमा चार हजार १८५ र कपिलवस्तुको शिवराज नगरपालिकाको नेपाल आदर्श माविमा चार हजार ११४ विद्यार्थी रहेका छन्।

अर्थ मन्त्रालयद्वारा प्रकाशित आर्थिक सर्वेक्षण, २०८२/८३ मा भने पछिल्लो समयमा विद्यालय व्यवस्थापन, नेतृत्व, लगानी र गुणस्तर वृद्धिका लागि भएका विभिन्न प्रयासका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै गएको जनाइएको छ।

सरकारले स्थानीय तहको आवश्यकता र नक्साङ्कनका आधारमा विद्यालय समायोजना (मर्ज) को नीतिलाई अघि बढाइरहेको छ। हालसम्म ६६२ सामुदायिक विद्यालय मर्ज भइसकेका छन्। चालु आर्थिक वर्षका लागि विद्यालय समायोजन गर्न रु ४५ करोड प्रोत्साहन रकम विनियोजन गरिएको छ।

मन्त्रालयमा तहको शिक्षा, विकास तथा मानव स्रोत विकास केन्द्रका प्रवक्ता महेन्द्र पराजुलीले विद्यालय समायोजनका कार्यक्रम सञ्चालन भइरहेको र समायोजनको मापदण्डलाई परिमार्जनका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग राय मागिएको जानकारी दिए।

'विद्यालय तहको सञ्चालन र व्यवस्थापन संविधानत : स्थानीय सरकारको हो। हामीले स्थानीय तहलाई दुई पटकसम्म पत्राचार गरेर समायोजनको विवरण माग गरेका छौँ', प्रवक्ता पराजुलीले भने, 'हामीले विद्यार्थी सङ्ख्या कम भएको अवस्थालाई मात्रै हेरेर पनि हुँदैन। कुनै विद्यालयमा कुनै वर्ष विद्यार्थी कम हुन सक्छन्, हामीले निःशुल्क र अनिवार्य शिक्षाको दायित्वलाई पनि ख्याल गर्नुपर्ने हुन्छ। सम्बन्धित स्थानीय तहले आफ्नो शैक्षिक योजना अनुसार विद्यालय सुधार वा समायोजन गर्न सक्छन्।'

प्रधानाध्यक सङ्घ नेपाल (पान) का अध्यक्ष सुदाम गौतमले सामुदायिक शिक्षाको सुधारका लागि राष्ट्रिय नीति र योजना बनाएर रूपान्तरणमा लाग्नुपर्ने बताए। कतिपय विद्यालयमा स्रोत साधनको अभावका विद्यार्थी भर्ना हुने स्थिति नभएकाले सरकारले स्रोत साधन र लगानीको निश्चित मापदण्ड बनाउनुपर्ने उनको सुझाव छ।

'कतिपय विद्यालयलाई आवासीय विद्यालयका रूपमा विकसित गर्नुपर्छ। विद्यालयको निश्चित मापदण्ड बनाएर शिक्षक, समुदाय र अभिभावकलाई जिम्मेवार बनाउनुपर्छ', अध्यक्ष गौतमले भने, 'विद्यालयका लागि शिक्षक दरबन्दी छिटो मिलान गर्नुपर्छ। त्यति गर्दा पनि भए भने समायोजन वा अन्य विकल्पमा जानुपर्छ।'

आगामी आर्थिक वर्षका बजेटमा नेपाल सरकारले गुणस्तरीय शिक्षाको प्रवर्द्धन लागि मुलुकभरका सामुदायिक विद्यालयको पूर्वाधार आवश्यकताको 'म्यापिङ' गर्न एक अर्ब रुपैयाँ विनियोजन गरेको छ। रासस

## तीन महिनाभित्र बालविवाहमुक्त वडा र पालिका .............

तथ्यांक संकलन गरी पुनः विद्यालय भर्नामा सहयोग, जोखिममा रहेका किशोरीहरूका लागि छात्रवृत्ति, वैकल्पिक शिक्षा, सीपमूलक तालिम र संस्थागत विद्यालयले शुल्क तिर्न नसकेका विद्यार्थीहरुको स्थानान्तरण प्रमाण पत्र रोक्का गरी पढ्न पाउने अधिकारबाट वञ्चित गर्न नपाउने व्यवस्था गर्न आग्रह गरेका छन्।

त्यस्तै, गरिब, विपन्न, मुस्लिम, अपांगता भएका अभिभावक गुमाएका, बालविवाहको जोखिममा रहेका कम्तीमा एक सयजना किशोरीहरूलाई हरेक वर्ष पोसाक, कापी कलमसहितको छात्रवृत्ति, संस्थागत शिक्षण संस्थाहरूमा १० प्रतिशत छात्रवृत्ति अनिवार्य गरिनुपर्ने उनीहरूको माग छ। पालिकाअन्तर्गतका विद्यालयहरूमा छ महिनाभित्र भेद्भावरहित, यौन हिंसा, दुर्व्यवहारमुक्त वातावरण, अपांगतामैत्री, किशोरीमैत्री शौचालय, सुरक्षित पानी, महिनावारी स्वच्छता सामग्री र गोपनीयतासहित लैंगिक सम्पर्क शिक्षकको व्यवस्था गरिनु पर्ने मागपत्रमार्फत आग्रह गरिएको छ।

विशेष गरी मधेशका जिल्लाहरूमा भयावह बन्दै गएको दाइजोको कारणले कैयन् नवविवाहित युवतीहरू अकाल मृत्युको मुखमा पुगिरहेकाले दाइजो प्रथा अन्त्य गर्न वर्षमा कम्तीमा दुईपल्ट अभिभावक, धार्मिक अगुवा, शिक्षक, युवा, विद्यार्थी, युवा, महिला समूह तथा जनप्रतिनिधिहरूसँग सामुदायिक संवादमार्फत खबरदारी अभियान सञ्चालन गरिनुपर्ने उनीहरूको माग छ।

उनीहरूले पालिकाको वार्षिक कार्यक्रम तथा बजेटमा किशोरी सञ्जाललाई पनि समेटिनुपर्ने, हरेक वडा तथा नगर तहमा कम्तीमा दुईजना किशोरी प्रतिनिधिहरीको अर्थपूर्ण सहभागिता, मानसिक स्वास्थ्य तथा परामर्श सेवा, डिजिटल सुरक्षा तालिम, गोप्य उजुरी, सहायता प्रणाली तथा सुरक्षा आवासको व्यवस्थासँगै वार्षिक बजेट र अनुगमन गरी महिला सुरक्षा आवास स्थापना गरिनुपर्ने माग गरेका छन्। सञ्जाललाई आवश्यक सहजीकरण र सहयोगसहित पालिकामा मागपत्र बुझाइएको महिलाका लागि मुक्ति अभियान नेपाल गोलबजारले जनाएको छ।

**मधेशमा बढ्दो बालविवाह**

राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार सिंगो मुलुकमा ३५.१ प्रतिशत बालिकाहरूको विवाह हुने गरेको र त्यसमा सबैभन्दा बढी मधेश प्रदेशअन्तर्गतका आठ जिल्लामा ४२.४ प्रतिशत रहेको अभियानका कार्यक्रम संयोजक विशेश्वर दासले बताए। उनका अनुसार गरिबी, अशिक्षाजस्ता कारणले बालविवाह भइरहेका मुख्य दक्षिण एसियाली मुलुकहरू बंगलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्छ।

जनगणनाअनुसार जिल्लामा पहिलोपटक विवाह गर्ने १० देखि १४ वर्षको उमेरमा विवाह गर्ने १४.४ प्रतिशत महिला र पुरुष ५.१ प्रतिशत छन। त्यस्तै, १५ देखि १७ वर्षको उमेरमा विवाह गर्ने महिलाहरू ३९ प्रतिशत र पुरुष १६.८ प्रतिशत तथा १८ वर्ष देखि २० वर्ष नपुग्दै विवाह गर्ने महिला ४२.८ प्रतिशत र पुरुष ३८.६ प्रतिशत रहेको छ।

राष्ट्रिय तहमा भने पहिलोपटक विवाह गर्ने १० देखि १४ वर्षको उमेरका १०.२० प्रतिशत महिला र पुरुष ३ प्रतिशत, १५ वर्षदेखि १७ वर्षको उमेरमा विवाह गर्ने महिला ३०.४ प्रतिशत, पुरुष १२.३ प्रतिशत र १८ देखि २० वर्ष नपुग्दै विवाह गर्ने महिला ३५.९ प्रतिशत र पुरुष ३२.६ प्रतिशत छन्।

## मधेश सरकारले १ करोडभन्दा कमका .............

यसका साथै योजनामा बिचौलियाको दबदबा अन्त्य गर्न तथा नागरिकलाई लाइनमा बस्नुपर्ने झण्झटबाट मुक्त गर्न कागजविहीन लाइनरहित र अनुहाररहित सेवाको सुनिश्चित गर्ने विनियोजन विधेयकको सिद्धान्त तथा प्राथमिकतामामा राखिएको उनले बताए।

कृषितर्फ विनियोजन विधेयकमा धान, गहुँ, मकै, कोदो, तेलहन र दलहन बालीको विउमा प्रदेशलाई पूर्ण रुपमा आत्मनिर्भर बनाउन बिज प्रवर्द्धन परियोजना संचालन गरिने, कृषि अनुदान प्रणालीलाई पारदर्शी र नतिजामुखी बनाउने बिचौलिया संयन्त्र खारेज गरी डिजिटल किसान परिचयपत्र मार्फत वास्तविक उत्पादनका आधारमा कृषकहरूको बैंकको सिधै प्रोत्साहन रकम जम्मा गरिने लगायतका कुरा राखिएको छ।

कृषकले उत्पादन गरेका वस्तु खेर जाने अवस्था अन्त्य गर्न स्थानीय तहमा कृषि संकलन केन्द्र, चिस्यान केन्द्र, दुध चिस्यान केन्द्र स्थापना गरिनुका साथै कृषि एम्बुलेन्स सञ्चालनमा विशेष अनुदान दिइनुका साथै प्रदेश भूमि बैंकको अवधारण अगाडि बढाई जग्गा चक्लाबन्दी र सहकारी खेती कार्यक्रम संचालनको नीति लिइएको विधेयकमा भनिएको छ।

शिक्षातर्फ विद्यालयहरूमा प्रविधि पद्धतिमा शिक्षा विकासका लागि विद्यालयहरूमा प्रविधिमैत्री बोर्ड जडान, एक जिल्ला एक आवासीय नमूना विद्यालयको रुपमा स्तरोन्नती गरी विज्ञान प्रयोगशाला र कम्प्यूटर ल्याबको स्थापना गरिनुका साथै प्रदेशका सरकारका गौरवको आयोजना 'बेटी पढाऊ बेटी बचाऊ' अभियानलाई परिमार्जन गर्दै विज्ञान र प्रविधि विषयमा छात्राहरूको आकर्षण बढाउन विशेष प्रोत्साहन छात्रवृतिको व्यवस्था गरिनेछ।

त्यस्तै स्वास्थ्यतर्फ प्रादेशिक अस्पतालहरूलाई गम्भीर रोगको उपचार सेवा सहितको सुविधा सम्पन्न शिक्षण अस्पतालमा स्तरोन्नति, स्थानीय तहको सह लागतमा नागरिक आरोग्य सेवा केन्द्रको स्थापना, अति विपन्न, दलित र सीमान्तकृत समुदायिको स्वास्थ्य बीमाको प्रिमियम प्रदेश सरकारले बेहोर्ने गरी पूर्ण स्वास्थ्य बिमा कभरेज अभियान लागू गर्ने नीति लिइएको विधेयकमा उल्लेख छ।


## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने कार्य नगरौं।
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं।
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुर्‍याउने कार्य नगरौं।
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं।
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं।
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं।
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं।

पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व-उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं ।

लक्ष्मीपुर पतारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लक्ष्मीपुर पतारी
मधेश प्रदेश, सिरहा (नेपाल)

## बिजुलीको सुरक्षित प्रयोग गरौं ।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं ।

कल्याणपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर
मधेश प्रदेश, सिरहा (नेपाल)